राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

१७ औं वार्षिकोत्सव





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष–१७ ।। अङ्क : २२५ ॥ २०८२ असोज १२ गते आईतबार (28th Sep 2025 Sunday) **Pratidin** National Daily मूल्य–रु.५/–


# तीन शहीद परिवारलाई राहत र क्षतिपूर्ति रकम



झापा(प्रस) ।जेनजी आन्दोलनका क्रममा भदौ २४ गते प्रहरीसंगको झडपमा बिर्तामोडमा मारिएका तीनैजनाको परिवारलाई राहत र क्षतिपूर्ति रकम आइपुगेको छ। झापाका दुईजना र पाँचथरका एकजना गरी तीनैजनाको परिवारका लागि संघीय र प्रदेश सरकारबाट राहत र क्षतिपूर्ति रकम आएको हो। जेनजी आन्दोलनका क्रममा मारिएका झापा अर्जुनधारा ११ का ३९ वर्षीय गोपाल सेढाई र अर्जुनधारा ८ का ३२ वर्षीय दिनेश राजवंशीको परिवारका लागि संघीय सरकारबाट १५-१५ लाख र कोशी प्रदेश सरकारबाट १-१ लाख रुपैयाँ आइपुगेको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ। कोष तथा लेखा नियन्त्रक कार्यालयमा आइपुगेको सो रकम शुक्रवार नै जिल्ला प्रशासन कार्यालय झापाको खातामा जम्मा भइसकेको सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईले जानकारी दिए। उनले आइतवार कार्यालय खुल्नेवित्तिकै दुवै परिवारलाई बोलाएर सो रकम प्रदान गरिने बताए।

उता जेनजी आन्दोलनका क्रममा बिर्तामोडमा प्रहरीको गोली लागेर ज्यान गुमाएका पाँचथर हिलिहाङ-२ सिंहापुरका ३१ वर्षीय कमल भण्डारीका परिवारका लागि पनि राहत र क्षतिपूर्ति रकम आएको छ। जिल्ला प्रशासन कार्यालय पाँचथरमा भण्डारी परिवारका लागि १५ लाख रुपैयाँको राहत तथा क्षतिपूर्ति रकम प्राप्त भएको प्रमुख जिल्ला अधिकारी अरुण पोखरेलले जानकारी दिए। पोखरेलका अनुसार मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार मृतक परिवारका लागि राहतस्वरुप १० लाख र क्षतिपूर्तिबापत ५ लाख दिने भनिएअनुसार सबै रकम गृह मन्त्रालयबाट जिल्ला प्रशासन कार्यालयमा आइपुगेको हो।

'राहत रकम आइसकेको छ, अब उहाँहरुले मृत्यु दर्ता, मुचुल्का र वडाको सिफारिस लिएर आउनासाथ भुक्तानी पाउनुहुन्छ,' पोखरेलले भने।

## शहीद र घाइतेलाई कोरियामा रहेका नेपालीहरुबाट सहयोग

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा शहीद र घाइते भएकाहरुलाई कोरियामा रहेका नेपालीहरुले सहयोग गर्न थालेका छन्। एमआरआर कोरिया टिम नामक संस्थामार्फत उनीहरुले सहयोग गरिरहेका छन्। पहिलो चरणमा झापाका १० जनालाई सहयोग गरिएको हो।

भदौ २३ र २४ गतेको आन्दोलनमा शहादत प्राप्त गरेका र घाइते भएकामध्ये झापा जिल्लामा पहिलो चरणमा एक जना शहीद परिवार र ९ जना घाइतेहरूलाई



सहयोग प्रदान गरिएको हो। भदौ २४ को घटनापछि शहीद परिवार र घाइतेहरूको उपचार तथा सहायताका लागि एमआरआर टिम कोरियाद्वारा सुजन उप्रेतीको संयोजनमा अभियान सञ्चालन गरिएको छ। कोरियामा रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूले संकलन गरेको रकम नेपालका विभिन्न

❖ बाँकी पृष्ठ ३ मा

## दमकको ब्रोडवे क्याफेमा लफडा
# 'डनहरु'को आक्रमणबाट एक घाइते

झापा(प्रस) ।झापाको दमक -५ मा रहेको ब्रोडवे क्याफेमा लफडा भएको छ।

शुक्रवार राति अन्दाजी ९ बजे ब्रोडवे क्याफेमा दमक -५ बस्ने ३१ वर्षीय सुवास तामाङलाई एउटा ग्याङले आक्रमण गरेको हो। उनीमाथि दमक -८ बस्ने बर्ष अन्दाजी ३४/३५ का सुमन शाही, सोही ठाउँ बस्ने कोब्रा भनेर चिनिने बर्ष अन्दाजी ३३/३४ का मुर्सिदका छोरा, गौरादह घर भएका बर्ष अन्दाजी ३०/३२ का मन्त्री भनेर चिनिने लगायत १५/१६ जना युवाहरुले एक्कासि लाठी, रड, बियरको बोतल प्रहार गरेका थिए। तामाङलाई कुटपिट गरी उनीहरु फरार भएका छन्। घाइतेलाई तत्काल निम्स अस्पताल दमकमा लगी उपचार भइरहेको छ। उनको अवस्था बोल्न सक्ने मध्यम रहेको छ। शनिवार बिहान अस्पतालले घटनाबारे खबर गरेपछि इलाका प्रहरी कार्यालय दमकबाट टोली खटिएर कुटपिट गर्नेहरुको खोजतलास भइरहेको जनाइएको छ।





नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं। जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।

कार्यवाहक अध्यक्ष : अन्जुदेवी थपलिया
कार्यालय प्रमुख : जनार्दन निरौला
**झापा गाउँपालिकाको कार्यालय परिवार**
टाँघनडुब्बा , झापा


## शिक्षकहरूको तलब निकासा नगर्नेलाई कारबाही गर्ने पुनको

झापा(प्रस) । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले चाडवाडको बेला शिक्षकहरूको तलब रोक्ने विद्यालयका प्रधानाध्यापकहरूलाई कारबाही गर्ने चेतावनी दिएका छन्।



शनिबार फेसबुकमा स्ट्याटस लेखेर मन्त्री पुनले चाडवाडमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले तलब निकासा नगरिदिएको भन्ने गुनासो आएको बताउँदै आइतबारभित्र तलब निकासा गर्न चेतावनी दिएका हुन्। उनले मन्त्रालयले शिक्षकहरूको तलब निकासा गरिसकेको पनि बताएका छन्।

'शिक्षा मन्त्रालय बाट तलब पहिले नै विद्यालयहरुमा पठाइसकिएको छ। भोलि सम्ममा कुनै नाजायज र अन्यायपूर्ण तरिकाले तलब नपाएको शिक्षकहरूको तलब निकास नगरेमा त्यस्ता विद्यालयका प्रधानाध्यापकलाई नियमानुसार कारबाही गरिनेछ,' उनले लेखेका छन्।

## मतदाता नामावली संकलन शुरु

झापा(प्रस) । आगामी फागुन २१ गतेको निर्वाचनलाई लक्षित गरी जिल्ला निर्वाचन कार्यालय झापाले मतदाता नामावली संकलन र अद्यावधिक गर्ने कार्य शुरु गरेको छ। शुक्रवार पहिलो दिन ५६ जनाले मतदाता नामावली दर्ता गरेको जिल्ला निर्वाचन अधिकारी तुलसी नेपालले बताए। उनले दैनिक ४०० जनाको हाराहारीमा नामावली संकलन गर्नेगरी व्यवस्थापन गरिएको जानकारी दिए। २०८१ चैत मसान्तसम्म झापामा ६ लाख ७७ हजार मतदाता रहेको तथ्यांक छ। निर्वाचन आयोगले आगामी कात्तिक मसान्तसम्म मतदाता नामावली संकलन र अद्यावधिक गर्ने समय तोकेको छ। आउँदो फागुन २० गतेसम्म १८ वर्ष पूरा हुने नागरिकले भोट हाल्न पाउने गरी कात्तिक मसान्तसम्म नामावली संकलन र अद्यावधिक गरिने भएको हो।

भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले फागुन २१ मा प्रतिनिधिसभाको निर्वाचन गर्ने म्यान्डेट छ। निर्वाचन घोषणापछि मतदाता नामावली संकलन रोकिने व्यवस्था छ। तर सरकारले बुधबार अध्यादेश ल्याएर उक्त व्यवस्था हेरफेर गरेको छ।





२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ।

अध्यक्ष : जलकुमार गुरुङ
**मेची आँखा अस्पताल परिवार**
बिर्तामोड, झापा




नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं। जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।

कार्यवाहक अध्यक्ष : अन्जुदेवी थपलिया
कार्यालय प्रमुख : जनार्दन निरौला
**झापा गाउँपालिकाको कार्यालय परिवार**
टाँघनडुब्बा , झापा



# सहकारीका साधारण सभा सामान्य

झापा(प्रस) । सहकारीका साधारण सभा हुने यो सिजनमा उद्घाटन गर्न जनप्रतिनिधिहरुलाई भ्याइ नभ्याई हुन्थ्यो । सहकारीहरुले ठूलो तामझामले भोजभतेरसहित साधारण सभा गरिरहेका हुन्थे। तर, यस वर्ष राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशनपछि त्यस किसिमका सबैखाले विकृति हटाइएको छ।

सहकारी संस्थाहरुले सायदै कल्पना नगरेका प्रमुख अतिथि र अतिथि विनाको खादा र माला बेगरको साधारण सभा अहिले गरिरहेका छन् । प्राधिकरणले संस्थाको साधारणसभाले निर्धारण गरेको बजेटको सीमाभित्र रही खर्च गर्ने, तडकभडकपूर्ण र देखावटीपूर्ण खर्च नगर्ने, साथै सदस्यको क्षमता विकास गर्न सदस्य केन्द्रीत सदस्य शिक्षा, वित्तीय साक्षरता, विस्तारित मञ्चका कार्यक्रमहरु बजेट, कार्यक्रम र कार्ययोजना तयार गरी सञ्चालन गर्न, गराउन निर्देशन दिएको हो ।

गैर सदस्य व्यक्ति वा पदाधिकारीलाई उद्घाटन सत्रमा आमन्त्रण गरी साधारण सभाका एजेण्डा ओझेलमा पार्ने गरी औपचारिकतामा बढी समय खर्च नगर्न भनिएको छ ।

ज्ञ आवश्यक भएमा सहकारी संस्थाले सदस्यता लिएका माथिल्ला संघका व्यक्ति वा स्रोत व्यक्तिलाई आमन्त्रण गरी प्रारम्भमै आवश्यक सूचना, निर्देशन, शिक्षा वा तालिम लिन सकिने व्यवस्था भने खुला गरिएको छ । निर्वाचन प्रयोजनका लागि आवश्यक कार्य गर्न उपसमिति गठन गर्ने र आवश्यक जनशक्ति परिचालन गर्ने कुरामा कुनै बाधा नहुने व्यवस्था पनि यसमा समावेश छ। यसबाहेक कार्यक्रममा मञ्च सजावट, माला, खादा, अतिथि उपहार, अतिथि यातायात तथा आवास खर्च, साधारण सभामा सहभागिता भत्ता वा यातायात खर्च, भोजभतेर जस्ता फजुल खर्च नगर्नुपर्ने स्पष्ट निर्देशनसमेत जारी गरिएको छ।

प्रत्येक वर्ष बिर्तामोड नगरपालिकाका नगर प्रमुखलाई प्रमुख अतिथि बनाएर साधारण सभा गर्ने गरेको साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाले यस वर्ष बिना प्रमुख अतिथि १५ औं साधारण सभा सम्पन्न गरेको छ।

बिर्तामोडको अतिथि सदनमा गरिएको कार्यक्रममा मंच सजावट , खादा , माला , व्याज , मायाको चिनो केही पनि थिएन । अरु वर्ष प्रमुख अतिथि र अतिथिहरुका लामा भाषणका कारण सदस्यहरुलाई पट्यारलाग्ने गरेकोमा यस वर्ष करिव दुई घण्टामै उद्घाटन सत्र र बन्दसत्र सम्पन्न हुँदा उनीहरुले आनन्द महसुस गरेका थिए । प्रमुख अतिथि , खादा , माला बिनाको साधारण सभा गर्दा केही खल्लो लागेपनि खर्च कटौती र समयको बचत भएको साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाका एक संचालकले बताए। जिल्लाका अन्य सहकारीहरुले पनि सामान्य ढंगले साधारण सभा गरिरहेको जिल्ला सहकारी संघ झापाले जनाएको छ । प्राधिकरणको निर्देशनविपरित साधारण सभा गरेमा १० देखि १५ लाख जरिवाना हुने व्यवस्था गरिएको छ।



विजया दशमी, शुभ दीपावली र छठपर्व २०८२को उपलक्ष्यमा सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलय शुभकामना।
गंगाप्रसाद ओली
अध्यक्ष
रुद्र-गौरी श्री-अम्बिका ओली प्रतिष्ठान
भद्रपुर-७, झापा
www.rugsaof.org.np | rugsaof@gmail.com


नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष : हिमालकुमार चम्लागाई
सचिव : शैलेन्द्र उप्रेती
झापा गाउँपालिका २ नं वडा कार्यालय परिवार , झापा


२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्वत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
अध्यक्ष : युवराज डाँगी
कन्काई हस्पिटल प्रा.लि.परिवार
बिर्तामोड,झापा


डिभिजन बन कार्यालय झापाको अनुरोध
१. रुख रोपौं वन जोगाऔं
२. वन डढेलो लाग्नबाट जोगाऔ
३. हावाहुरी तथा सुख्खा मौसममा वन जंगलमा निगरानी बढाऔं
५. मानव-हात्ती द्वन्द्व न्यूनीकरण गरौं
दशैंको हार्दिक शुभकामना
महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
डिभिजन वन अधिकृत
एवम्
एवं डिभिजन वन कार्यालय परिवार
भद्रपुर, झापा


नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
वडाध्यक्ष : बन्धु कार्की
भद्रपुर नगरपालिका ५ वडा कार्यालय परिवार


नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
वडा अध्यक्ष : किशोर पौड्याल
बिर्तामोड नगरपालिका २ नं वडा कार्यालय
बिर्तामोड , झापा


नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
वडा अध्यक्ष : दुर्योधन गुरुङ
बिर्तामोड नगरपालिका १० नं वडा कार्यालय
बिर्तामोड (सैनिक बजार) , झापा


नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
वडाध्यक्ष : गौरव सुब्बा
भद्रपुर नगरपालिका ८ नं वडा कार्यालय परिवार


नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
वडा अध्यक्ष : अबिरल कृष्ण खरेल
बिर्तामोड नगरपालिका ७ नं वडा कार्यालय
गरामनी , झापा


नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
वडा अध्यक्ष : राहुल शर्मा
बिर्तामोड नगरपालिका ४ नं वडा कार्यालय
बिर्तामोड , झापा


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## मेरी आमा !

• अनुष्मा ढुंगेल



आमा
जीवनको आरम्भ
पहिलो सङ्गिनी
मैले महसुस गरेको पहिलो ढुकढुकी
यी आँखाले देखेका पहिलो मुस्कान
यी कानले सुनेका पहिलो बोली
यी हातले खोजेका पहिलो साथ
यी पाइला चाल्न मिलेको पहिलो आँट।

दिनको पहिलो आवाज- ‘आमा’
प्रेमको पहिलो आवास- ‘आमा’
मेरो जीवनको प्रारम्भ
दिनको उज्यालो थालनी
बिहानीको सूर्य उदय- ‘आमा’

च्यातिएको धोती पहिरिएर पनि
उनी रानीझैँ देखिन्छिन्
पसिनामा लतपतिँदा पनि
उनी अप्सराझैँ देखिन्छिन्!

उनका आँखामा गाजल नहोला
ओठमा लाली नहोला
तर मुस्कान असाध्यै गाडा छ
नाडीमा सुनका बाला नहोला
हात व्यवहारले बाँधिए होला
तर मनमा करुणाको भण्डार छ।

औँसीको घनघोर रातमा पनि
जुनेली साँझझैँ चमत्कार हुन् आमा
असम्भवलाई सम्भव बनाउने
साहसी हुन् आमा
कायरताको विरुद्धमा अडिन सक्ने
लडाकु हुन् आमा
सबैमा साहसको हुण्डरी चलाउने
विरङ्गना हुन् आमा।

हिमालझैँ अटल आँट बोकेर
संघर्षमा पनि रमाउँछिन्
जस्तो सुकै परिस्थिति पनि
हाँसेरै कटाउँछिन्।

उनी सबैको मर्म बुझ्छिन्
तर उनको मर्म खै कसले बुझ्न सक्ला?
आफ्नो सुख अरूको नाम अर्पित गर्छिन्
तर खै कसले आफ्नो हाँसो
उनको नाम अर्पण गर्न सक्ला?

सन्तानको सफलताको समर्थक
हर्षविभोर उत्साहको कारण- आमा
डरले अत्तालिँदा सन्तानको अडान
अनि एक मात्र प्रेरणा- आमा

उनको मुस्कानले
संसारको सबै प्रकाश फिक्का पार्छ
उनको ममताले
ब्रह्माण्डलाई पनि पराजय गर्छ।

जीवनमा कसिएका गाँठा
मनमा अल्झिएका धागा
उनी आफ्नो कोमलताले फुकाउँछिन्
करुणाको ज्योति फैलाउँछिन्
आफ्नो निस्वार्थपनल
आकांक्षाहरूको फूल फुलाउँछिन
नयाँ उमङ्गको वर्षा गराउँछिन्।

यता-उता बाटो अलमलिँदा
सही मार्ग देखाउने मार्गदर्शन हुन् आमा
घाम र छायाझैँ जीवनको स्थिरता हुन् आमा
व्यस्त जीवनमा रमाइलो पल हुन् आमा।
जीवनको अर्थ उजागर गर्ने शिक्षक हुन् आमा।
अभिलाषा निकै सूक्ष्म
आँट भरिभराउ
यस्ती छिन् मेरी आमा
अनेकौँ भूमिका धारण गरेर
निभाउन सफल
कति महान् छिन् आमा।

## पपकर्नको जमरा !



• सपना घिमिरे

म चियाको मिठो चुस्की लिँदै बरन्डामा बसेर निलो आकाश अनि त्यहाँ कपास जस्तै देखिने सेता बादल नाचिरहेको हेर्दै थिएँ। प्रस्ट रुख बिरुवा नचिनिए पनि घनघोर जंगलले ढाकेको त्यो विशाल पहाड त्यही निलो आकाशको छहारीमा एक टकले उभिएको थियो।

मैले आँखालाई अलि नजिक केन्द्रित गराएर हेरेँ, आकाशको सौन्दर्यलाई बढाउँदै रंगीबिरंगी चंगाहरू फरफराई रहेका थिए। साना-साना हातले सकी नसकी केटाकेटीहरू काठका लट्टाई नचाएर चंगालाई आफ्नो नियन्त्रणमा राख्न प्रयास गरिरहेका थिए। उनीहरूको उत्साहलाई प्रोत्साहन गर्न तिनका बुवा, आमा, दाइ, दिदीहरू त्यही नजिकै बसेर सहयोग गरिरहेका थिए। मनमोहक यो दृश्यसँगै मैले चियाको अर्को चुस्की लिएँ र मेरो नजर दायाँपट्टि केही पर उभिरहेका मानिसहरू माथि पर्न गयो।

यसो नियालेर फेरि हेर्दा त्यहाँ मैले चिनेका केही अनुहारहरू पनि थिए, एउटा हँसिलो अनुहार मेरो बुवाको रहेछ। उहाँहरू किन जम्मा हुनु भएछ भनेर म सोच्दै मात्रै थिएँ त्यतिकैमा अलि परबाट अझै केही व्यक्तिहरू आउँदै गरेको देखेँ। राम्ररी नियालेर हेरेको कसैका काँध बासका लिङ्गोहरू थिए, कसैका हातमा कुटो, खन्ती त कसैका हातमा डोरीहरू थिए भने कसैका काँध खरको भारीले भरिएका थिए।

अघिसम्म अलमल परेको म एकाएक मुस्कुराउन पुगेछु। मैले बुझिहालेँ, मेरो घरभन्दा अलि पर स्थित त्यो दायाँ पट्टिको चौरमा आज घटस्थापनाको दिन पिङ हाल्न लागिएको रहेछ। आहा! यो दसैँमा पहिले पहिले गाउँघरमा खेलेको जस्तै पिङ खेल्न पाइने भयो भन्दै म दङ्ग परेँ।

बिहानीपख बरन्डामा चलेको असोज महिनाको शीतल हावाले मलाई स्पर्श गर्दा पिङमा मच्चिरहेको कल्पनामा म केही बेर हराउन पुगेछु। तातो चियाको अर्को एक चुस्की लिन खोजेको चियाको कप पहिले नै खाली भइसकेको रहेछ, बाहिरको माहौलमा हराएर मैले समय गएको पत्तै पाइन।

ओहो! अब त दसैँ आयो, खाउँला पिउँला भन्दै गुनगुनाउँदै बाहिरको सुन्दर दृश्यहरू आफ्नो आँखामा कैद गर्दै म मेरो कोठातर्फ लागेँ। चियाको खाली कपलाई मेरो खाट छेउमा रहेको सानो टेबलमा राखे अनि मुस्कुराउँदै त्यही खाटमा पल्टिएँ। के सोचेछु कुन्नि, भुसुक्क निदाएछु थाहा नै पाइनँ।

गाडीको ट्या-ट्या आवाजले मेरो निद्रा खलबलियो। बिस्तारै आधा आँखा खोल्दै छेउमा रहेको टेबलमा सजाएर राखिएको घडी हेरेँ, बिहानको ९ बजिसकेको रहेछ। मैले राखेको कप त्यहाँ देखिनँ। सोचेँ आमाले लिएर जानु भएछ। तर मलाई किन उठाउनु भएन?

हतार हतार उठेर सिरानी छेउमा राखेको मोबाइल हातमा च्याप्दै आज त यत्रो बेर सुतेछु भन्दै आफैँसँगै बरबराउँदै राम्रोसँग आँखा पनि नखोली म कोठा बाहिर निस्किएँ। ‘आमा! जमरा राख्नुभयो त?’ भन्दै।

कोठाको ढोकाबाट निस्किएर केही पाइला सार्दैमा म बैठक कोठामा पुगेँ अनि पो अलमल्ल परेँ। न त्यहाँ वरिपरि आमा हुनुहुन्थ्यो न बुवा, न त अरू कोही। त्यो ठुलो बैठक कोठामा म एक्लै उभिएकी थिएँ। मलाई साथ दिने केही तस्बिरहरू र केही कृत्रिम फूलहरू बाहेक अरू केही थिएन।

केही पलसम्म मैले बुझ्नै सकिनँ यो के हुँदै छ? अलिअलि निद्राले छोडे जस्तो भएपछि बैठकको एउटा कुनामा रहेको सिसाको ढोका बिस्तारै सार्दै म बाहिर बरन्डामा निस्किएँ, अलि पर हेरेँ। आकाश त्यस्तै निलो थियो, बादल अझै सेता थिए तर घनघोर जंगलको पहाडको ठाउँमा लाइन मिलाएर रोपिएका एकनासका रुखहरू थिए जसमा कुनै पात पहेँला थिए भने कुनै पात हरिया।

दुई औँलाको सहाराले बिस्तारै आँखा मिच्दै फेरि हेरेँ। त्यहाँ न कुनै चङ्गा थिए न पिङ हाल्ने मानिसहरूको भिड। त्यहाँ थिए त केवल पार्किङमा राखिएका रङ्गीबिरङ्गी गाडीहरू। यत्तिकैमा एउटा गाडीको चुइँ-चुइँ आवाजले म पूर्ण रूपमा निद्राबाट जागेँ अनि एक्कासि मेरो मनमा नजानिँदो चिसो पस्यो।

के यो केवल सपना मात्र थियो?

निराश हुँदै म पुनः बैठक कोठाभित्र छिरेँ। एउटा छेउमा राखिएको खैरो रङको सोफामा बस्दै मोबाइल हेरेँ। आज त साँच्चै मैले सपनामा देखेको जस्तै घटस्थापना रहेछ। ठाउँ फरक, देश फरक र परिवेश फरक भए पनि घटस्थापना त्यही रहेछ।

ओहो! आज त जमरा छर्ने दिन। कसरी छर्ने? केमा छर्ने ? म अलमल्ल परेँ। आफ्नो घरमा हुँदा नवमी, दशमीको दिन हलक्क परेको पहेँलो जौको जमरा काटेको त मलाई झलझली याद छ तर जमरा छरेको केही सम्झना आएन। सायद कहिले आफूले गर्न नपरेर होला आमाहरूले कसरी गर्नुहुन्थ्यो कहिले मतलब पनि भएन। तर अब मसँग केही विकल्प थिएन।

अलि सबेरै उठेको भए श्रीमानले केही सिकाउनुहुन्थ्यो कि! मिठो सपना देखेर अबेरसम्म सुत्न पुगेछु, उठ्दा न कोठामा श्रीमान् हुनुहुन्थ्यो, न पार्किङमा उहाँको गाडी! अर्काको देशमा आज किन बिदा हुन्थ्यो र! बिहानै अफिस गइसक्नु भएछ।

यति सोच्दै अझ ढिला नगरी म फटाफट बाथरुमतर्फ लागेँ, नुहाईधुवाइ सकेर हतार हतार निस्किएँ अनि सरासर बैठक कोठाको एउटा कुनाको कपबोर्डमा राखिएको सानो मन्दिरतर्फ लागेँ। त्यहाँ रहेका दुई तीन वटा पूजाका भाँडाकुँडा निकालेँ र त्यही बैठक कोठाको एउटा कुनामा सानो पर्खालले छुट्टाएर बनाइएको भान्सातर्फ लागेँ।

रातो तामाको कलशलाई माझेर केही उज्यालो बनाएँ र जल भरेँ, पूजा सामग्री तयार गरेँ। सबै तयार गरेँ तर जमरा केमा रोप्ने? म फेरि अलमल्ल परेँ। भान्साको छेउमै जोडिएको डाइनिङको कुनामा रहेको एउटा खाली गमला र केही समय अगाडि किनेर ल्याएको एक प्याकेट कोको पिटमा मेरो आँखा पऱ्यो। खुसीले दङ्ग परेँ।

भान्सा कोठामा पपकर्न बनाउन भनी राखेको एक पोका मुरली मकैको पनि मलाई सम्झना आयो। त्यो याद आउनासाथ मेरो खुसीको सीमा रहेन। यति भएपछि त अब जमरा छरिहाल्छु नि भन्दै म मक्ख परेँ। त्यतिमै मलाई एउटा ठुलो जित हासिल गरेको महसुस भयो।

पानीले भिजेर पुक्क फुलेको कोको पिटलाई गमलामा भरेर चोरी औँलाको सहायताले सानो सानो खाल्टाहरू पार्दै त्यसमा हुन नसकेको पपकर्नलाई एक-एक गर्दै गाडिदिएँ। हल्का पानी छम्किएर चोखो बनाएँ र जे-जे सामग्री उपलब्ध थियो त्यसैले पूजा गरेँ।

अघि चिसो पसेको मेरो मनमा न्यानोपन भरिँदै गयो। त्यत्तिकैमा मेरो नजर भान्साको र्‍याकमा रहेको कपमा पर्न गयो। सपनामा जस्तै मिठो चियाको चुस्की लिने इच्छाले विदेशमै भए पनि मैले घरमा बनाउने जस्तै चियाको स्वादमा चिया बनाएँ र सोफामा आएर बसेँ। छेउमा रहेको मोबाइल खोलेर आमालाई फोन हानेँ।

एउटा हातमा मिठो चियाको कप अनि अर्को हातमा मोबाइलमा आमाबुवा सँगको मिठो गफ। यो पल मेरा लागि उत्कृष्ट पल भयो। लाग्यो, दसैँ साँच्चै अब आयो। मैले मेरो मिठो सपना आमाबुबालाई सुनाएँ। मेरो सपनाको कुरा सुनेर आमाको आँखा रसायो, बुवा मौन हुनुभयो।

त्यही पनि पीडा मनमा लुकाएर बिस्तारै आमाले भन्नुभयो, ‘यति गरेपछि भैगो नि अब केही दिनमा जमरा उम्रिन्छ, अलिअलि पानी हाल्दै गर्नु अनि अँध्यारोमा राख्नु राम्रो हुन्छ।’

आमाको कुरा सकिन नपाउँदै मैले मोबाइल स्क्रिनबाट मेरो नजर हटाएर डाइनिङको कुनामा राखिएको त्यो निलो गमलामा हेरेँ अनि आफैँलाई सोधेँ- के यो पपकर्न साँच्चै उम्रेला त?

## अर्कैकी दुलही!



• बिजय घिमिरे 'बिफल'

भनिन्छ– जुन कुरा असाध्यै प्यारो लाग्छ, त्यो आफ्नो कहिल्यै हुँदैन।

सायद यही सत्य मेरो जीवनमा साबित हुनै लागेको थियो। +२ पढ्दा देखिएको हाम्रो माया ६ वर्षसम्म तन्कियो। हाँसो, खुसी, स-साना वाचा र ठुला सपना। तर त्यो सम्बन्धको बाटो अचानक अन्त्य बिन्दुमा आइपुग्यो।

म मनमनै सोचिरहेँ– ‘यदि भगवानले एक हुन दिँदैनन् भने किन भेट गराउँछन्?’

उनी मेरो आँखामा सिधै हेरेर बोलिरहेकी थिइन् ‘तिमी फेरियौ। पहिले जस्तो छैनौ। सधैँ बच्चा जस्तो भएर हुँदैन। शंका मात्र गर्छौ, अरू केही जान्दैनौ।’

म मौन थिएँ। उनका प्रत्येक वाक्य मेरा कानमा प्रवचनझैँ बजिरहेका। ६ वर्षमा उनले देखेको केवल मेरो गल्ती, मेरो कमजोरी। माया, हेरचाह, आदर– कुनै कुरा देखिनन्। बोले पनि झगडा, नबोले पनि झगडा। अन्ततः उनको इच्छाबमोजिम सम्बन्ध टुङ्ग्याउने निर्णय भयो।

रातभर मन भत्किएको थियो। मस्तिष्कमा त्रास, मुटुमा खालीपन– मानौँ के ठुलो कुरा गुमाएको छु। सिरानीमा आँसु झार्दै बिहानसम्म प्रतीक्षा गरेँ– सायद ‘गुड मर्निङ बुड्’ भनेर म्यासेज आउला कि? तर त्यो दिन, ६ बजे आउने म्यासेज ८ बजेसम्म पनि आएन। आयो भने केवल उनका दुई वटा टिकटक भिडिओ।

त्यसपछि म दह्रो भएँ अनि फेसबुकमा लेखेँ– ‘खाएको कसम, गरेको वचन त्यागी उसैलाई छोडेको हुँ, बरु सोचेर भइदिन्छु टाढा, म अभागी उसैलाई छोडेको हुँ, उसले समझदार भनोस् या त धोकेबाज उसकै ठाउँमा छ तर मैले उसको खुसीको लागि उसैलाई छोडेको हुँ।’

त्यसपछि फेसबुक, मेसेन्जर, टिकटक हटाएँ। अनि पुरानो बानी फर्किएर पबजी डाउनलोड गरेँ।

दिन बित्दै गए। विदेश जाने सपना बोकेर अस्ट्रेलियाका लागि अप्लाई गरेँ। तर अभागी ज्यानलाई जता गए नि झटारो परेझैँ भिसा रिजेक्ट भयो। त्यसपछि निर्णय गरेँ– बुवाले १० वर्षदेखि चलाइरहनु भएको फोटो स्टुडियोलाई आधुनिक बनाउने।

नयाँ क्यामेरा, नयाँ ड्रोन। दुई महिनामै काम फस्टाउँदै गयो। मंसिरको लगन चलिरहेको थियो। बिहानै फोन आयो– ‘ए भाइ, ४ गतेलाई काम दिएको छौ?’

‘छैन नि दाइ, २-३ त प्याक छ, ४ खाली छ।’

‘ल, एउटा साथीको बिहे छ, आउनुपर्छ ४ र ५ गते।’

पहिल्यै काम गरिसकेको हुनाले पैसाको कुरा उही हुने भयो। मैले सिधै ‘ठिक छ’ भनिदिएँ। ३ गतेसम्म व्यस्त थिएँ। अर्को भाइलाई फोटो खिच्न पठाएँ। ४ गते बिहान भने म स्वयं मन्दिर पुग्ने योजना बनाएँ।

३ गते राति अबेर सम्मको खिचाइ, त्यसपछि दुई घण्टा मात्र आराम अनि हुइँकिएर चण्डेश्वरी मन्दिरतिर लागेँ।

‘कहाँ हो केटा?’ भाइलाई फोन गरेँ।

‘जन्ती आइपुगेका छन्, किस्ती मिलाउँदै छौँ। माथि आउनु।’

क्यामेरा, लेन्स, चार्ज गरेको ब्याट्री बोकेर पुगेँ। सबै तयारी भइसकेको थियो।

‘भाइलाई तँ फोटो खिच्न लगा, म भिडियो लिन्छु।’

अनि मण्डपतिर लागेँ। बेहुलीका परिवार दुलहालाई लिन आए। दुलहाको हात समाएर अघि बढे। म झसङ्ग भएँ– यो मान्छे मैले कतै देखेको जस्तो! फेरि मन बुझाएँ– 'काम यस्तै हो, कतै देखिएको होला।'

जन्ती पसेपछि बेहुली प्रस्थानको बेला मेरो लेन्सले बेहुलीलाई ‘फोकस’ गऱ्यो। आँखा स्तब्ध भए, हात काँप्न थाले। त्यो बेहुली अरू कोही थिइनन्– पाँच महिना अघि मात्र जसलाई आँसु टप्काउँदै छोडेको थिएँ, ती नै थिइन्। म शून्य भएँ।

क्यामेराको शटर क्लिक भइरह्यो तर भित्रभित्रै मुटु टुक्रिँदै थियो। हे भगवान्! कहाँ फसेँ? मनमनै सोचेँ– ‘जसलाई भेट्टिदनँ भनेर कसम खाएको थिएँ, आज उसको नै बिहेको तस्बिर खिच्दै छु।’ त्यो क्षण मेरो अघिल्तिर दुलहीको अनुहार मात्र थिएन– ६ वर्षअघि कलेजको पहिलो भेट, लाइब्रेरीको डेस्कमा सँगै पढेको पल, परीक्षाअघि रातभर सुनेको उसको आवाज र अन्तिम दिनको तिक्त बोली– सबै फ्ल्यासब्याक झैँ मस्तिष्कमा बजिरहेका थिए। तर अब ऊ अर्काको दुलही बनिसकेकी थिइन्।

म त केवल क्यामेराको पछाडिबाट उनको स्मृतिलाई फ्रेममा कैद गर्ने मान्छे मात्र थिएँ।

एक मन लाग्यो–'ह्या, गइहाल्छु यहाँबाट।' तर तुरुन्तै सोचेँ– ‘बल्ल पाएको काम, अरूको विश्वास पनि छ, म भाग्न मिल्दैन।’ त्यसैले आफूलाई सम्हाल्दै हतार हतार रुमाल निकालेर मास्क बनाउँदै थिएँ।

त्यति बेला हाम्रो आँखा ठोक्कियो। उनी मेरो आँखामा सिधा हेर्न सक्ने अवस्थामा थिइनन्। आखिर त्यत्रो हिम्मत कसरी हुने? दिनभरि विवाह खिचेर बस्न बाध्य भएँ। हिजो उनलाई कसरी सुन्दर देखाएर फोटो खिचौँ भन्ने म, आज उनको विवाह खिच्दै छु। सपनाले बाँधिएको म, आज अर्कैको दुलही भएको उनको फोटो खिच्दै थिएँ।

आँखामा उम्कँदै गरेको आँसु लुकाउन चस्मा लगाएँ। मनमनै सोचेँ– यो मनको पिर के ले लुकाउने?

हिजो हामी सँगै हुँदा हाम्रो विवाहको कल्पना गर्थ्यौँ। आज सब थियो– मण्डप, बाजा, म र उनी। तर विडम्बना! आज म क्यामेराम्यान, उनी अर्कैको दुलही अनि उनको छेउमा मभन्दा राम्रो देखिने दुलहा। नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छा बाउको अनुहार भन्ने उखान याद गर्दै फोटो भिडियो लिँदै गएँ।

सिन्दूर हाल्ने क्षण खिच्दा आँखा यस्तो रसाएर आयो कि शब्दले बयान गर्नै सक्दिनँ। जसोतसो विवाह सकियो। अब पालो आयो ‘कपल फोटोशुट’ को।

मलाई कामको लागि बोलाउने दाइले भने– ‘भाइ, जाऔँ मन्दिरतिर, बेहुला-बेहुलीको फोटो खिच्नुपर्छ।’

उसैको पछि पछि लाग्न बाध्य भएँ। अगाडि उनी र उनको दुलहा हात समाएर हिँडिरहेका, म भने पछाडि क्यामेरा बोकेर। दृश्य हेर्दा

❖ बाँकी तेस्रो पृष्ठमा

# शहीदका रगतको नजरअन्दाज नगर्न राप्रपाको चेतावनी

झापा(प्रस) । भ्रष्टाचार र बेथितिविरुद्ध राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रदर्शन गरेको छ । शनिवार काठमाडौँको माइतीघर मण्डलामा भेला भई राप्रपाका नेता-कार्यकताहरुले विरोध प्रदर्शन गरेका हुन् ।

उनीहरुले भ्रष्टाचार गर्नु आमाको रगत खानु सरह हो लेखेको कालो टिसर्ट लगाएर विरोध गरेका छन् । उनीहरुले भ्रष्टाचारीलाई कारबाही, प्रदेश खारेजी, राजसंस्था र हिन्दु राष्ट्र, संविधानको पुनः लेखन, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री हुनुपर्ने माग राखेका छन् ।

७५ जनाको बलिदान, फेरि यही संविधान, देशलाई दुर्घटनाबाट जोगाउन नवीन समझदारी गर, जेनजीका हत्यारालाई कारबाही गर, २०४६ सालपछिका उच्चपदस्थ पदमा पुगेका व्यक्तिहरूको सम्पत्ति छानबिन गर लगायतका प्लेकार्ड बोकेर विरोध जनाएका छन् ।
जेनजी आन्दोलनमा मृत्युवरण गरेका परिवार र देशको परिवर्तनको लागि लडेका युवाहरूको साथमा राप्रपा रहेको बताए । विरोध प्रदर्शनका क्रममा कुराकानी गर्दै राप्रपाकी नेतृ खुम्बु ओलीले विविध विकृति अन्त्यको माग राख्दै आफूहरू सडकमा आएको बताइन् ।

राजनीतिक दलका नेताहरूले पुनः टाउको उठाउने प्रयास गर्नु जेन जी आन्दोलनलाई दबाउनु रहेको बताइन् । अन्तरिम सरकारलाई जेनजी क्रान्तिको भावना विपरीत नजान र शहीदको रगतको नजरअन्दाज नगर्न चेतावनी दिइन् ।

उनले अन्तरिम सरकार क्रान्तिको भावना विपरीत जान खोजेको भन्दै आपत्ति जनाइन् । अन्तरिम सरकारले जेनजी आन्दोलनमा दमन गर्न आदेश दिनेहरूमाथि कारबाहीका लागि कुनै पहल नगरेको, भ्रष्टाचार छानबिनका लागि कुनै आयोग गठन नगरेकाले पनि जेनजी आन्दोलनप्रति अन्तरिम सरकार जिम्मेवार नरहेको ठहर हुने निष्कर्ष रहेको बताइन् ।

# राष्ट्रिय बहुमुखी सहकारीको अध्यक्षमा पुनः राई

दमक(प्रस) । दमक ८ मा मुख्य कार्यालय रहेको राष्ट्रिय बहुमुखी सहकारी संस्थाको सञ्चालक समितिको अध्यक्षमा पुनः लछुदास राई (एलडी ) चुनिएका छन् ।
संस्थाको २६ औं चुनावी बार्षिक साधारणसभाको निर्वाचन कार्यक्रमबाट राईको अध्यक्षतामा नौं सदस्यीय सञ्चालक समिति निर्विरोध निर्वाचित भएको हो ।

आगामी चारवर्षे कार्यकालका निर्वाचित समितिको उपाध्यक्षमा टंकप्रसाद दुलाल,सचिवमा दिपेनवाला राई, सहसचिवमा फूलसरी राना र कोषाध्यक्षमा पारषमणि राई चुनिए । यसैगरी, सदस्यहरुमा विष्णु सुब्बा, बासुदेव राई, राजेन्द्र लिम्बू यमुना भट्टराई निर्वाचित भएको गठित निर्वाचन समितिका सदस्य अनिलदेव राईले जानकारी दिए ।
यसैगरी, इन्द्रमान चाम्लिङको संयोजकत्वमा ज्ञानदिप राई र मनप्रसाद चेम्जोङ रहेको तीन सदस्यीय लेखा सुपरीवेक्षण समिति समेत निर्विरोध निर्वाचित भएको छ ।
नवनिर्वाचित सञ्चालक तथा लेखा समितिका पदाधिकारी र सदस्यहरुलाई निर्वाचन समितिका संयोजक पारष आचार्यले सपथग्रहण गराउनुका साथैं निर्वाचित प्रमाणपत्र प्रदान गरे ।

संस्थाका पूर्व उपाध्यक्ष समेत रहेका ज्येष्ठ शेयर सदस्य लोकप्रसाद कन्दङवाको प्रमुख आतिथ्यतामा भएको सभामा संस्थाका तर्फवाट अध्यक्ष लछुदास राईले बार्षिक प्रतिवेदन र लेखा समिति संयोजक सुरेन्द्र निङलेखुले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए । ती दुवै प्रतिवेदन संस्थाको बन्दसत्रले पारित गरेको थियो । कार्यक्रममा उत्कृष्ट कर्मचारीका रुपमा हर्क लिम्बूसहित उत्कृष्ट ऋणी, बचतकर्ता ,ज्येष्ठ सदस्य ,भूपू सैनिक शेयर सदस्यहरुलाई सम्मान गरिएको थियो ।

**शहीद...**

जिल्लामा रहेका एमआरआर सदस्य तथा सामाजिक अभियन्तामार्फत शहीद र घाइतेहरूको आर्थिक अवस्था अध्ययन गरी सहयोग गर्ने कार्य थालिएको सहयोग अभियानका संयोजक शरद जोशीले बताए । उनका अनुसार यो अभियान झापा, काठमाडौं, पोखरा, चितवन लगायतका प्रभावित स्थानमा सञ्चालन भइरहेको छ । झापामा एकजनाको शहीद परिवारलाई ५० हजार , ८ जना घाइतेलाई जनही ३० हजार र एक जना घाइतेलाई २० हजार गरी हालसम्म ३ लाख २० हजार रुपैयाँ सहयोग गरिएको जोशीले जानकारी दिए । शहीद दिनेश राजवंशीको परिवारलाई ५० हजार रुपैयाँ सहयोग गरिएको थियो भने घाइते भएका कन्काईका सुशन रणपहैंली , कन्काईकै रिजन दाहाल , इलाम सूर्योदयका राजेश पोर्तेल , दमकका सुरेश खड्का , झापा गाउँपालिकाका मस्ताकिन मियाँ , हल्दिवारीका अनिश श्रेष्ठ, बिर्तामोड ५ का सुनिल तामाङ, अर्जुनधारा कप्तानवारीका विवेक दनुवारलाई जनही ३० हजारका दरले सहयोग प्रदान गरिएको थियो ।
त्यस्तै बिर्तामोडका सुमित शाहलाई २० हजार रुपैयाँ सहयोग गरिएको शनिवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । आगामी दशैंलगत्तै अन्य घाइतेहरूको अवस्था तथा आर्थिक पृष्ठभूमि अध्ययन गरी दोस्रो चरणमा सहयोग वितरण गरिने एमआरआर कोरिया टिमका सदस्य कमल ५ का विपिन आचार्यले बताए । साथै गम्भीर प्रकृतिका घाइतेहरूलाई थप सहयोग प्रदान गरिने उनले जानकारी दिए । जेनजी आन्दोलनका क्रममा झापामा प्रहरीसंगको झडपमा परी तीनजनाको मृत्यु भएको थियो भने सयभन्दा बढी घाइते भएका थिए । सबैजना घाइतेहरु उपचारपछि डिस्चार्ज भइसकेका छन् । घाइतेहरुलाई बिर्तामोडको बीएण्डसी , बिर्तासिटी , मनमोहन , दमक अस्पताल दमक , नोवेल विराटनगर , वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भर्ना गरिएको थियो । कोरियाबाट प्राप्त सहयोग वितरणका लागि एमआरआर कोरिया टिमका सदस्यहरु बिर्तामोड ५ का शरद जोशी , कमल ५ का विपिन आचार्य र दमक ४ का दिवाकर गुरुङले सहजीकरण गर्दै आएका छन् ।




२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
सञ्चालक : केदार गिरी
कंचन निर्माण सेवा प्रा.लि. परिवार
बिर्तामोड, झापा



नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष : महमद ताहीर
सचिव : नारायणकुमार चम्लागाई
झापा गाउँपालिका ४ नं वडा कार्यालय परिवार , झापा



नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष : राजकुमार यादव
सचिव : नारायणकुमार चम्लागाई
झापा गाउँपालिका १ नं वडा कार्यालय परिवार , झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
मेयर : गणेश पोखेल
उपमेयर : राधा कार्की
भद्रपुर नगरपालिका कार्यालय परिवार
झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
जीवनरक्षा पोलिक्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर परिवार
बिर्तामोड (भद्रपुर रोड) झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
प्रधानाध्यापक : खड्गप्रसाद खरेल
श्री महेन्द्ररत्न माध्यमिक विद्यालय
बिर्ताबजार, झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
हरि गिरी / कुमार गिरी / प्रकाश गिरी
एवम् बुट्टाबारी टी प्रोसेसिङ प्रा. लि. परिवार
बिर्तामोड-६, बुट्टाबारी, झापा



२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
जितेन्द्र सोनी
आशा ज्वेलर्स परिवार
भद्रपुर (सगरमाथा चोक) झापा

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७२१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मीन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ